# सहभागी

## विधान -२०५३

प्रथम संसोधन- २०६२

दोस्रो संसोधन- २०६६

तेस्रो संसोधन- २०७८

रत्ननगर नगरपालिका -९, ढिकुवा

सहभागी मार्ग, चितवन

Email: sahavagicosahavagi.org.np

## सहभागी
## विधान -२०५३

**प्रस्तावना**

हाम्रो जस्तो विपन्न र विकाशोन्मुख देशमा जनताको आफ्नै सीप र स्रोत मात्र विकासको मूल आधार बन्न सक्तछ भन्ने तथ्य अन्य मुलुकहरू र नेपालको आफ्नै अनुभवबाट पनि स्पष्ट देखिन थालेको छ । विद्यमान सीप र स्रोतको उचित उपयोग गराउन जनतामा चेतना जगाई उनीहरुको सिप र स्रोतको विकासमा सहयोग पु-याउनु नै विकासको मुख्य आधार बन्न सक्तछ । नेपालमा विभिन्न किसिमका तालिम र प्रशिक्षण संस्थाहरू भए पनि, सहभागितामूलक प्रशिक्षण र तालिम गर्ने समर्थ संस्थाहरूको खाँचो देखिएको छ । साथै सहभागितामूलक प्रशिक्षणको सिद्धान्तलाई व्यवहारमा ओराल्ने नेपाली माटो सुहाउँदो प्रशिक्षण सामग्री र प्रकियाहरूको पनि कमी देखिएको छ । यस्तो सामग्री र प्रकियाको विकास पनि प्रशिक्षणको अनुभवबाट मात्र गर्न सकिन्छ । तसर्थ यस संस्थाले विभिन्न क्षेत्रमा सहभागितामूलक प्रशिक्षण र तालिम प्रदान गर्ने र यस्ता प्रशिक्षण प्रक्रिया तथा सामग्री तयार पार्नेछ । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुका लागि सहभागितामूलक तालिम प्रदान गर्नेछ । साथै विपन्न वर्गको उत्थानका लागि आवश्यक पर्ने संस्थागत सेवाहरु, तालिम, वातावरण संतुलन, जनस्वास्थ्य तथा महिला विकास कार्यक्रम संचालन गर्न र विभिन्न क्षेत्रमा नीतिगत अनुसन्धानका माध्यमबाट सहयोग पु-याउने संस्थाको गठन संचालन एवं व्यवस्थापन गर्ने मनसायले यो सहभागी नामक सामाजिक संस्था स्थापना गरिएको छ ।

### परिच्छेद- १

प्रारम्भिक

१) **संक्षिप्त नाम, प्रारम्भ, स्थान र स्वरूप**

(क) यस संस्थाको नाम "सहभागी " रहने छ ।

(ख) यस संस्थालाई अंग्रेजीमा "SAHAVAGI" भनिने छ ।

(ग) यस विधानको नाम "सहभागी विधान २०५३" रहनेछ । समय सापेक्ष रूपमा गरिएका संशोधन /परिमार्जनहरू यसै विधानको अभिन्न अंगका रूपमा रहनेछन् ।

(घ) यो विधान स्थानीय अधिकारीको स्वीकृति प्राप्त भएपछि लागु हुनेछ ।

(ङ) संस्थाको कार्यालय चितवन जिल्लाको रत्ननगर नगरपालिका वडा नं-९, ढिकुवा सहभागी मार्गमा रहनेछ

(च) यो सस्था स्वयंसेवी र स्वशासित संस्था हुनेछ ।

(छ) यो विधान यस संस्थासँग सम्वन्धित क्षेत्रमा लागु हुनेछ ।

(ज) यो संस्थाले व्यक्तिसरह आफ्नो चल- अचल सम्पति खरिद/प्राप्त गर्न ,भोग गर्न, वेचबिखन गर्न सक्नेछ ।

२) **परिभाषा**

विषय र प्रसङ्ले अन्य अर्थ नलागेमा यस विधानमा :

क) सहभागी - सहभागी भन्नाले यस विधानअन्तर्गत दर्ता भएको सामाजिक संस्थालाई जनाउँछ ।

ख. "विधान" - विधान भन्नाले यस संस्थाको विधान २०५३ र विभिन्न मितिमा भएका संशोधनसमेतलाई सम्फनुपर्दछ ।

ग. नियम - नियम भन्नाले यस विधानअन्तर्गतको संचालक समितिले संस्थाको

विकास, निर्माण र अन्य कार्य संचालन गर्न बनाएको नियमलाई सम्झनुपर्दछ ।

ङ. सदस्य- सदस्य भन्नाले संस्थाको संस्थापक, साधारण, मानार्थ, आजीवन र सल्लाहाकार सदस्यलाई सम्झनुपर्दछ ।

च. आर्थिक बर्ष - आर्थिक वर्ष भन्नाले हरेक वर्षको श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्त म्मलाई सम्झनुपर्दछ ।

(३) संस्थाको छाप

यस संस्थाको लोगो र छाप देहायवमोजिम हुनेछ ।

- लोगो : अनुसूची ३ क मा उल्लेख गरेअनुसार हुनेछ ।
- छाप: सर्कलभित्र नेपाली र अंग्रेजीमा सहभागी /SAHAVAGI र स्थापित वर्ष २०५३ /1997 लेखिनेछ । वीचको सर्कलमा महिला र पुरुषको हात मिलाएको चित्र हुनेछ । यसको नमुना अनुसूची -३ ख मा राखिएकोछ ।

४. **संस्थाको कार्यालय**

* यस संस्थाको मुख्य कार्यालय रत्ननगर नगरपालिका वडा न. ९ चितवन जिल्लामा रहनेछ । आवश्यकताअनुसार नेपाल अधिराज्यभर सम्बन्धित जिल्लाका स्थानीय अधिकारीको स्वीकृति लिएर शाखा, उपशाखा कार्यालय स्थापना र संचालन गर्न सकिनेछ ।

(* जि.प्र.का को मिति २०६२।७।२४ को निर्णय अनुसार संसोधित)

## परिच्छेद- २

## उद्येश्य र कार्यहरु

५. **उद्देश्य**

संस्थाका उद्देश्य निम्नलिखित हुनेछन् :

क. देशको आर्थिक र सामाजिक विकासका लागि सहभागितामूलक र सीप विकास तालिम संचालन गर्ने ,

ख. देशका विपन्न वर्गको उत्थानसम्बन्धी विभिन्न समस्याहरूको समाधानका उपायहरू पत्ता लगाउने हेतुले अनुसन्धान गर्ने,

ग.. देशका विपन्न वर्गको उत्थानका लागि आर्थिक कार्यक्रम संचालन गर्ने,

घ. जनचेतना जगाउने उद्देश्यले विभिन्न स्थानीय तथा राष्ट्रिय समस्याहरू वारे गोष्ठी, प्रवचन आदि गर्ने,

ङ. देशविदेशमा रहेका समान उद्देश्य भएका तालिम तथा अनुसन्धानात्मक संस्थाहरु, शिक्षणसंस्थाहरुसँग सहयोगात्मक सम्वन्ध स्थापित गरी सहभागितामूलक तालिमबारे र पुस्तक-पुस्तिाकाहरू तयार गर्ने र सोको प्रचार-प्रसार गर्ने ।

**५.१ कार्यहरू**

** ५.१ संस्थाका कार्यहरू : उपरोक्त उद्देश्य परिपूर्ति गर्न संस्थाले निम्नअनुसारका कार्य गर्नेछ ।

क .सीप विकास तथा चेतना अभिवृद्धि गर्न तालिम ,गोष्ठी तथा सेमिनार,

विकास, निर्माण र अन्य कार्य संचालन गर्न बनाएको नियमलाई सम्भनुपर्दछ ।

ङ. सदस्य- सदस्य भन्नाले संस्थाको संस्थापक, साधारण, मानार्थ, आजीवन र सल्लाहाकार सदस्यलाई सम्भनुपर्दछ ।

च. आर्थिक बर्ष - आर्थिक वर्ष भन्नाले हरेक वर्षको श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्त म्मलाई सम्भनुपर्दछ ।

(३) संस्थाको छाप

यस संस्थाको लोगो र छाप देहायवमोजिम हुनेछ ।

- लोगो : अनुसूची ३ क मा उल्लेख गरेअनुसार हुनेछ ।
- छाप: सर्कलभित्र नेपाली र अंग्रेजीमा सहभागी /SAHAVAGI र स्थापित वर्ष २०५३ /1997 लेखिनेछ । बीचको सर्कलमा महिला र पुरुषको हात मिलाएको चित्र हुनेछ । यसको नमुना अनुसूची -३ ख मा राखिएकोछ ।

४. **संस्थाको कार्यालय**

* यस संस्थाको मुख्य कार्यालय रत्ननगर नगरपालिका वडा न. ९ चितवन जिल्लामा रहनेछ । आवश्यकताअनुसार नेपाल अधिराज्यभर सम्बन्धित जिल्लाका स्थानीय अधिकारीको स्वीकृति लिएर शाखा, उपशाखा कार्यालय स्थापना र संचालन गर्न सकिनेछ ।

(* जि.प्र.का को मिति २०६२।७।२४ को निर्णय अनुसार संसोधित)

## परिच्छेद- २

## उद्येश्य र कार्यहरु

५. **उद्देश्य**

संस्थाका उद्देश्य निम्नलिखित हुनेछन् :

क. देशको आर्थिक र सामाजिक विकासका लागि सहभागितामूलक र सीप विकास तालिम संचालन गर्ने ,

ख. देशका विपन्न वर्गको उत्थानसम्बन्धी विभिन्न समस्याहरूको समाधानका उपायहरू पत्ता लगाउने हेतुले अनुसन्धान गर्ने,

ग.. देशका विपन्न वर्गको उत्थानका लागि आर्थिक कार्यक्रम संचालन गर्ने,

घ. जनचेतना जगाउने उद्देश्यले विभिन्न स्थानीय तथा राष्ट्रिय समस्याहरू वारे गोष्ठी, प्रवचन आदि गर्ने,

ङ. देशविदेशमा रहेका समान उद्देश्य भएका तालिम तथा अनुसन्धानात्मक संस्थाहरु, शिक्षणसंस्थाहरुसँग सहयोगात्मक सम्बन्ध स्थापित गरी सहभागितामूलक तालिमबारे र पुस्तक-पुस्तिाकाहरू तयार गर्ने र सोको प्रचार-प्रसार गर्ने ।

**५.१ कार्यहरू**

** ५.१ संस्थाका कार्यहरू : उपरोक्त उद्देश्य परिपूर्ति गर्न संस्थाले निम्नअनुसारका कार्य गर्नेछ ।

क .सीप विकास तथा चेतना अभिवृद्धि गर्न तालिम ,गोष्ठी तथा सेमिनार,

संस्था दर्ताका बखत विधानमा दस्तखत गर्ने सदस्यहरू यस संस्थाका संस्थापक सदस्यहरू हुनेछन् । संस्थापक सदस्यहरूको नामावली अनुसूची -४ मा उल्लेख गरिएकोछ ।
(* जि.प्र.का को मिति २०६२।७।२४ को र **२०६६।१२।१८ निर्णय अनुसार संसोधित)

८) . सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

(क) साधारण सदस्य

साधारण सदस्यताको लागि सदस्यता शुल्क रु.५००।-(पांच सय) लाग्नेछ । प्रत्येक बर्ष रु.५००।-(पांच सय) तिरी सदस्यता नवीकरण गर्नुपर्नेछ अन्यथा सदस्यता समाप्त भएको मानिने छ ।

(ख) मानार्थ सदस्य

मानार्थ सदस्यता संस्थालाई योगदान गर्ने प्रतिष्ठित व्यक्तिलाई निशुल्क प्रदान गरिनेछ ।

(ग) आजीवन सदस्य

यस संस्थालाई विशेष सहयोग पु-याउने व्यक्तिहरुलाई एकमुष्ठ रु १०००१।–लिई आजीवन सदस्यता दिन सकिनेछ । यो सदस्यता नवीकरण गर्नुपर्ने छैन ।

घ) * संस्थागत सदस्य

परिच्छेद ३ को दफा ७ (ङ) अनुसार सदस्यता लिएका संघसंस्थाहरुको निम्न सर्त सुविधा अनुसार सदस्यता बाहाली हुनेछ ।

घ.१) सहभागीद्वारा संचालित कार्यक्रममा संलग्न भई सहभागीद्वारा नै स्थापनामा मद्दत पु-याई कार्य गरिरहेका संघ, संस्था र समूहहरू ।

घ.२) प्रत्येक संस्थाबाट तोकिएका १ जना प्रतिनिधिले मात्र साधारण सभामा प्रतिनिधित्व गर्नेछन् ।

घ.३)संस्थागत प्रतिनिधि १ जना र १ मत मात्र हुनेछ ।

घ.४) संस्थागत सदस्यमध्येबाट १ जना संचालक समितिमा निर्वाचित हुनेछन् ।

(* जि.प्र.का को मिति २०६२।७।२४ को र **२०६६।१२।१८ निर्णय अनुसार संसोधित)

९. सदस्यको योग्यता

यस विधानको परिच्छेद ३ को दफा ६ मा उल्लिखित योग्यता नपुगेको व्यक्ति संस्थाको सदस्यको लागि अयोग्य मानिनेछ ।

पुनश्च : मानार्थ र सल्लाहकार सदस्यलाई मतदान गर्ने अधिकार हुनेछ तर संचालक समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

क. सदस्यता कायम नरहने अवस्था

१. तोकिएको शुल्क नबुझाएमा ,
२. मृत्यु भएमा,
३. राजिनामा दिएमा,
४. फौजदारी अपराधको अभियोगमा सजाय पाएमा,
५. अन्यत्र अरू कुनै सरकारी पदमा नियुक्ति भएर गएमा,

६. नियमित बैठकमा लगातार ३ पटकसम्म विनासूचना अनुपस्थित रहेमा,

७.** यस संस्थालाई हानी-नोक्सानी हुने कार्य गरेमा,

७.१ संस्थालाई अहित हुने र संस्थाको नियमविपरित कार्य गरेमा आजीवन सदस्यको सदस्यतासमेत खारेज हुन सक्नेछ ,

८. सदस्यता नवीकरण नगरेमा,

(** जि.प्र.का को मिति २०६६।१२।१८ को निर्णय अनुसार संसोधित)

## परिच्छेद- ४

साधारण सभा तथा कार्यसमिति

**१०. साधारणसभा तथा कार्यसमिति**

(क) यस संस्थाको विधानबमोजिम सदस्यता प्राप्त सबै प्रकारका सदस्यहरूको भेलालाई साधरणसभा मानिनेछ

(ख) साधारणसभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(ग) * साधारणसभा वर्षमा १ पटक अनिवार्य रूपमा बस्नेछ ।

(*जि.प्र.का को मिति २०६२।७।२४ को निर्णय अनुसार संसोधित)

**११. साधारण सभाको काम कर्तव्य र अधिकार**

**साधारणसभाको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) कार्य समितिको निर्वाचन गर्ने ,

(ख) कार्यसमितिले पेस गरेको योजना, कार्यक्रम र वार्षिक बजेट छलफल गरी पारित गर्ने ,

(ग) बार्षिक बजेट पेस गर्ने ,

(घ) आम्दानी खर्चको क्षेत्र निर्धारण गर्ने ,

(ङ) कार्यसमितिले गरेको कामको समीक्षा गर्ने,

(च) वार्षिक कार्यक्रम अनुमोदन गर्ने ,

(छ) विधानको अधिनमा रही विधान संशोधन गर्ने,

(ज) लेखापरीक्षकको प्रतिवेदन समीक्षा गर्ने ।

(झ) कार्यसमितिलाई सुझाव दिने,

**१२. कार्यसमितिको गठनविधि**

यस संस्थाको कार्यसमितिको गठन देहायबमोजिम हुनेछ ।

(क) अध्यक्ष

(ख) सचिव (कार्यकारी निर्देशक)

(ग) कोषाध्यक्ष र

(घ) सदस्य,गरी बढिमा ९ सदस्यीय कार्यसमिति ३ बर्षका लागि साधारणसभाबाट निर्वाचन गरिनेछ

**१३. कार्यसमितिको बैठक**

कार्य समितिको बैठक ३ महिनाको एकपटक बस्ने छ तर आवश्यक परेमा अध्यक्षले विशेष बैठक पनि बोलाउन सक्नेछन् ।

**१४) कार्यसमितिको काम, कर्तव्य र अधिकार**

क) संस्थाको दैनिक कार्य संचालन गर्ने,

ख)	संस्थाको हितका लागि दातृसंस्था र अन्य सहयोगी संस्था तथा व्यक्ति र संबन्धित निकायसँग सम्पर्क राखी आर्थिक संकलन गर्ने ,

ग)	विधानमा उल्लिखित उद्द्बेश्य पूरागर्न विविध कार्यक्रमहरू संचालन गर्ने ,

घ)	छलफलका एजेन्डासहित साधारणसभाको अधिवेशन बोलाउने,

ङ)	वार्षिक कार्यक्रम तर्जुमा गरी साधारणसभामा पेस गर्ने ,

च)	आय-व्ययको विवरण राख्ने,

छ)	साधारणसभाले पारित गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

ज)	विधानको परिधिभित्र रही नियमावली बनाउने,

झ)	वार्षिक आय-व्ययको विवरण लेखापरिक्षण गराउने ,

ञ)	विभिन्न संघसंस्था तथा निकायसँग पत्राचार र सम्पर्क गर्ने,

ट)	कार्यसंचालनमा सहजता ल्याउन विभाग तथा उपसमिति गठन गर्ने ।

## परिच्छेद- ५

### १५) पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

यस विधानबमोजिम गठित कार्यसमितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) **अध्यक्ष**

१)	आफूले नेतृत्व गरेको संस्थाको बैठक बोलाउन लगाउने,

२)	बैठक तथा साधारणसभाको सभापतित्व गर्ने,

३)	निर्णायक मत दिने,

४)	संस्थाका तर्फबाट सम्झौता करार आदि गर्ने,

५)	आफ्ना मातहतका सदस्यहरुलाई अनुशासित र मर्यादित गराउने,

६)	बैठकमा एजेन्डा पेस गर्न लगाउने,

७)	संस्थाका कार्यक्रमहरु संचालन गर्ने/ गराउने ।

८)	गठित विभाग वा समितिको संयोजन तथा आवश्यकताअनुसार अधिकार प्रत्यायोजन गर्ने ।

(ख) **सचिव ( कार्यकारी निर्देशक)**

१)	अध्यक्षको स्वीकृति लिई बैठकको सूचना जारी गर्ने ,

२)	साधारणसभामा बार्षिक कार्यक्रम तथा प्रगति बबरण पेस गर्ने ,

३)	कार्यालयका तर्फबाट पत्राचार गर्ने /गराउने,

४)	कार्यसमितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने ,

५)	संस्थाले गरेको सम्पूर्ण कार्यको अभिलेख राख्ने,

६)	तोकिएको अन्य कार्य गर्ने ,

७)	कार्यसमिति र अन्य समितिहरुबीच समन्वय कायम गर्ने र संस्थाको सम्पूर्ण प्रशासनिक कार्यहरुको अनुगमन गर्ने ।

(ग) **कोषाध्यक्ष**

१)	संस्थाको आय व्यय विवरण ठीक दुरुस्त राख्ने /राख्न लगाउने ,

२) आर्थिक कारोवारको दायित्व लिने ,

३) सदस्यता वितरण र नवीकरण शुल्क जम्मा गर्ने ,

४) आम्दानी र खर्चको विवरण वैठक तथा अधिवेशनमा पेस गर्ने,

५) आर्थिक कारोवारको लेखापरीक्षण गर्ने/गराउने ।

(घ) **सदस्य**

१) अध्यक्षको काममा सहयोग गर्ने ,

२) बैठकमा उपस्थित भई निर्णय गर्ने ,

३) संस्थाको उद्देश्य र विधानअनुरूप काम गर्ने ।

## परिच्छेद- ६

**१६. आर्थिक व्यवस्था**

संस्थाको आर्थिक स्रोत तल लेखिएअनुसार हुनेछ ।

१) संस्थाको सदस्यता शुल्क,

२) संस्थाले कार्यसमितिको निर्णयअनुसार विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग सम्झौता गरी गरेकोतालिम, अध्ययन वा अनुसन्धानवापत शुल्क ।

३) विकास कार्यक्रमसँग सम्बन्धित विदेशी/सरकारी/गैरसरकारी संघसंस्थाबाट प्राप्त अनुदान,

४) नेपाल सरकारबाट प्राप्त अनुदान ,

५) संस्थाको कार्यसमितिको निर्णयअनुसार विभिन्न व्यक्ति वा ङंगठनबाट आफ्नो उद्देश्यअनुरुप कार्यक्रम संचालन गर्नका लागि स्वीकार गरेको चन्दा वा अनुदान रकम,

६) कार्यसमितिको निर्णयअनुसार संस्थाले लिएको ऋण ,

७) अर्न्तराष्ट्रिय संघ संस्थाबाट ऋण लिँदा प्रचलित कानुनको रित पु-याएर लिइनेछ ,

८) संस्थाको आफ्नो जमिन र उत्पादनबाट हुने आम्दानी ।

**१७. चल अचल संपतिको विवरण**

यस संस्थाको चलअचल सम्पतिको विवरण कार्यसमितिले राख्नेछ / राख्न लगाउने छ ।

**१८. कोष**

परिच्छेद ६ को उपदफा १७ बमोजिम प्राप्त रकमको एउटा कोष खडा हुनेछ । कोषको रकम वैंकमा खाता खोली अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

**१९. लेखा परीक्षण**

यस संस्थाको लेखापरीक्षण निम्नबमोजिम हुनेछ ।

क) नेपाल सरकारबाट मान्यताप्राप्त लेखापरीक्षकवाट लेखा परीक्षण गराईनेछ ।

ख) लेखापरीक्षणको प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी र समाज कल्याण परिषदसमक्ष पेश गरिनेछ ।

ग) संस्थाको आयव्यय विवरण प्रत्येक वर्ष स्थानीय अधिकारी समक्ष प्रस्तुत गरिनेछ ।

## परिच्छेद- ७
## विविध

**२०. निर्वाचनसम्बन्धी व्यवस्था**

क) कार्यसमितिको निर्वाचन प्रयोजनका लागि सभाले एक निर्वाचन आयूक्त तोक्नेछ ।

ख) कार्यसंचालक समितिको उम्मेदवारका लागि मानार्थ, सल्लाहकारसदस्य बाहेक अरू सदस्यहरू खडा हुन सक्नेछन् ।

ग) निर्वाचनसम्बन्धि प्रकिया निर्वाचन आयूक्तले तय गरेबमोजिम हुनेछ ।

घ) एक जना सदस्य एक भन्दा बढी पदमा उम्मेदवार हुन पाउने छैन ।

ङ) कार्यसमितिका (नव निर्वाचित) पदाधिकारीहरूले सभाका सभापति समक्ष सपथ लिनेछन् ।

च) निर्वाचन सगँ सम्बन्धित अभिलेख राखिनेछ ।

**२१. अविश्वासको प्रस्ताव**

कार्यसमितिका पदाधिकारीहरू उपर देहायबमोजिमको अवस्थामा अविश्वासको प्रस्ताव ल्याउन सकिनेछ ।

क) कुनै सदस्यले विधानविपरित काम गरेको भन्ने लागेमा,

ख) संस्थालाई नोक्सान पु-याएको भन्ने लागेमा,

ग) आर्थिक हिनामिना गरेको भन्ने लागेमा,

यसरी माथि उल्लिखित अभियोग लगाएर संस्थाका २५ प्रतिशत सदस्यले हस्ताक्षर गरी कार्यसमितिका अध्यक्षसमक्ष लिखित रूपमा सप्रमाण पेस गरेमा निवेदन दर्ता भएदेखी नै उक्त सदस्य निलम्वित हुनेछ । यसरी दर्ता भएको प्रस्ताव निर्णयार्थ साधारणसभामा पेश गरिनेछ । साधारणसभाको दुई तिहाइ सदस्यले सो प्रस्ताव पारित गरेमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ , तर अभियोग लागेको सदस्यलाई सफाइ पेस गर्ने अवसरबाट बन्चित गरिने छैन ।

**२२. उम्मेदवार हुन अयोग्यता**

देहायबमोजिमको व्यक्ति उम्मेदवारका लागि अयोग्य मानिनेछ ।

क) यस संस्थाको सदस्य नभएको व्यक्ति,
ख) सल्लाहकार सदस्य र मानार्थ सदस्य,
ग) संस्थाका विरुद्धमा काम गरेको सदस्य,
घ) संस्थालाई नोक्सान पु-याएको व्यक्ति ।

**२३. विधान संशोधन**

संस्थाको विधानको कुनै परिच्छेदको दफा, उपदफा र धारा संशोधन गर्न आवश्यक छ भन्ने कुनै सदस्यलाई लागेमा सो कुरा साधारणसभामा पेस गरी सो सभाका सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरेमा संशोधित विधान लागु गरिनेछ । यसरी विधानको कुनै धारा हटाउने वा थप गर्न सकिनेछ । सो को मस्यौदा कार्यसमितिले तयार गरी साधारणसभामा स्वीकृतिका लागि प्रस्तुत गर्नुपर्नेछ । उक्त मस्यौदा साधरणसभाले दुईतिहाई बहुमतद्वारा पारित गरेमा स्थानीय अधिकारीको पूर्वस्वीकृति लिएर मात्र लागु गरिनेछ ।

२४. नियम बनाउने

क) संस्थाको आन्तरिक कार्य सञ्चालन तथा व्यवस्थाका लागि बिधानसँग नबाझिने गरी कार्यसमितिले नियम, निर्देशिका, आचारसंहिता बनाउन सक्नेछ । नियमहरू बनाउनुपर्ने भएमा कार्यसमितिले विधानको परिधिभित्र रही नियम बनाउन सक्नेछ । सो नियम साधारणसभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

ख) यो विधान र विधानअन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी नियम बनाई लागु सक्नेछ । त्यस्ता विनियमहरु साधारणसभाबाट अनुमोदन गराउनुपर्नेछ ।

२५. संस्थाको विघटन

**देहायको अवस्थामा यस संस्थाको विघटन हुनेछ ।**

(क) संस्था आर्थिक तथा व्यावहारिक कारणले गर्दा चल्न नसकेमा ,

(ख) कार्यसमितिको अनुरोधमा साधारणसभाको दुईतिहाई बहुमतले विघटन गर्ने निर्णय गरेमा ।

माथि उल्लिखित कारणले गर्दा संस्था विधान अनुरूप संचालन गर्न नसकेका कारणसंहित साधारणसभाको विघटन सम्बन्धी निर्णय कार्यसमितिका सचिवले स्थानीय अधिकारीसमक्ष जाहेर गरी विघटनकालागि अनुरोध भएमा र सोहीअनुसार स्थानीय अधिकारीले विघटन गरेको सूचना प्रकाशित गरेपछि यस संस्था स्वतः विघटन हुनेछ । सोको जानकारी सचिवले सम्पूर्ण सदस्यहरुलाई दिनेछन् । यसरी संस्था विघटन भएपछि संस्थाको सम्पूर्ण जायजेथावाट देखाएका दायित्वहरु फछ्यौंट भएर बाँकी सरकारमा सर्नेछ ।

२६. संक्रमणकालीन अवस्था

(क) यो विधान दर्ता गर्दा भएका सम्पूर्ण कार्यहरु यसै विधानवमोजिम भएको मानिने छन् ।

(ख) विधान दर्ता गर्दा भएको तदर्थ समिति पहिलो अधिवेशन नभएसम्म कायम रहनेछ ।

(ग) विधान दर्ता भएको मितिले ६ महिनाभित्र विधान अनुरुप नयाँ संचालक समिति गठन गरिनेछ ।

२७. (क) प्रत्येक वर्ष संस्था नवीकरण गराउन संस्थाको लेखापरीक्षणको प्रतिवेदन वार्षिक कार्यक्रम र प्रगति विवरण जिल्ला प्रशासन कार्यालयमा पेस गर्नु पर्ने छ ।

(ख) विधान संशोधन गर्दा विधान संशोधनको प्रक्रियाअनुसार दफा-उपदफा थपघट गर्न सकिनेछ ।

२८. यस विधानमा लेखिएका कुनै कुराहरु प्रचलित ऐन-नियममा वाझिएमा बाझिएको हदसम्म निस्क्रिय हुनेछन् ।

अनुसूची -१
परिच्छेद ३ को दफा ८ को प्रयोजनका लागि
(सदस्यता पाउनका लागि निवेदन)

श्रीमान अध्यक्षज्यू
सहभागी, केन्द्रीय कार्यालय,
रत्ननगर नगरपालिका-९, चितवन

विषय : सदस्यता पाउ भन्ने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा मैले यस संस्थाको विधानलाई स्वीकार गरी यस संस्थाको प्रगति एवं समृद्धिका लागि सदा लागिपर्ने इच्छा भएको हुँदा यस संस्थाको .आजीवन/साधारण..सदस्यता पाउनको लागि तपसिलका कागजात र नियमानुसारको आवश्यक सदस्यता शुल्क रु ....... ....... .सहित अनुरोध गर्दछु ।

- व्यक्तिगत विवरण-१ प्रति
- पासपोर्ट साइजको फोटो- २ प्रति
- नेपाली नागरिकताको प्रतिलिपि-१ प्रति
- दक्षता तथा प्रतिबद्धता पत्र -१ प्रति

निवेदक
नाम :
ठेगाना :
मिति :
सही :

अनुसूची -२

परिच्छेद ३ को दफा ८ को प्रयोजनका लागि

सदस्यताको प्रमाणपत्र

पत्र संख्या मिति :

सहभागी सँथाको विधान तथा नियमअनुसार ......................................बस्ने तपाइ श्री ..............................................लाई यस संस्थाको .साधरण/आजीवन..सदस्तयता दिने निर्णय गरिएकाले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| .................................. | .... .................. | ....................... |
| प्रमाणपत्र प्राप्त गर्ने सदस्य | संस्थाको छाप | अध्यक्ष |

**अनुसूची-३**

**संस्थाको लोगो र छाप**

क, यस संस्थाको लोगो देहायवमोजिम हुनेछ ।

ख, यस संस्थाको छाप देहायबमोजिम हुनेछ ।

# अनुसूची-४

## संस्थापक सदस्यहरू

| | | | |
|---|---|---|---|
| १, | डा. मीना आचार्य | २, | शालिग्राम शर्मा |
| ३, | सुशन आचार्य | ४, | वीरभद्र आचार्य |
| ५, | कविता शर्मा | ६, | रुद्र भट्टराई |
| ७, | इन्दिरा कोईराला | | |

सहभागी
केन्द्रिय कार्यालय
भरतपुर, चितवन

## विधान संसोधनको औचित्य र पुष्ठ्याई

| परिच्छेद/दफा/उपदफा | साविक विधानमा भएका | शंसोधन पश्चात हुनुपर्ने | शंसोधन गर्नुपर्ने कारणहरु |
|---|---|---|---|
| परिच्छेद १, दफा ३ | गोलो वृत्त भित्र अंग्रेजीमा SAHAVAGI र नेपालीमा सहभागी लेखिएको हुनेछ। | सर्कलभित्र नेपाली र अंग्रेजीमा सहभागी/SAHAVAGI लेख्ने र स्थापित वर्ष २०५३/1997 राख्ने र बिचको सर्कलमा महिला र पुरुषको हात मिलाएको चित्र राख्ने। | छाप र लोगो थप स्पष्ट गर्नुपर्ने भएकाले। |
| परिच्छेद १, दफा ४ | यस संस्थाको मूल कार्यालय भरतपुर नगरपालिका, चितवन जिल्लामा रहनेछ। | यस संस्थाको मुख्य कार्यालय भरतपुर नगरपालिका, चितवन जिल्लामा रहनेछ। आवश्यकता अनुसार नेपाल अधिराज्यभर सम्बन्धित जिल्लाका स्थानीय अधिकारीको स्वीकृती लिएर शाखा, उपशाखा कार्यालय स्थापना र संचालन गर्न सकिनेछ। | संस्थाको कार्यक्षेत्रलाई पनि स्पष्ट गर्नुपर्ने भएकाले। |
| परिच्छेद ३, दफा ६ को ङ | साविकमा | सहभागीद्वारा प्रवर्द्धित संघ संस्था | स्थानीय संघ संस्थाहरुलाई पनि समेट्ने हेतुले। |
| परिच्छेद ३, दफा ७ को ङ | साविकमो यो बुदा नभएको | संस्थागत सदस्यता: सहभागीको विधानलाई स्वीकार गरी सदस्यता लिन चाहने, श्री ५ को सरकारमा दर्ता भएका, संघ संस्थालाई तोकिएको शुल्क लिई सदस्यता दिन सकिनेछ। | सदस्यताको क्षेत्र फराकिलो बनाउन |
| परिच्छेद ३, दफा ८ को घ | साविकमा यो बुदा नभएका | परिच्छेद ३ को दफा ७ ङ अनुसार सदस्यता लिएका संघ संस्थाको निम्न सर्त सुविधा अनुसार सदस्यता वाहली हुनेछ।<br>घ.१) सहभागीद्वारा संचालित कार्यक्रममा संलग्न भई सहभागीद्वारा नै स्थापनामा मद्दत पुऱ्याई कार्य गरिरहेका संघ, संस्था र समूहहरु।<br>घ.२) प्रत्येक संस्थाबाट तोकिएका १ जना प्रतिनिधीले मात्र साधारण सभामा प्रतिनिधीत्व गर्नेछन्।<br>घ.३) संस्थागत प्रतिनिधी १ जना र १ मत मात्र हुनेछ।<br>घ.४) संस्थागत सदस्य मध्येबाट १ जना संचालक समितिमा निर्वाचित हुनेछन्। | संस्थागत संजाल निर्माण गर्नुपर्ने भएकोले |
| परिच्छेद ४, दफा ११.१ | साविकमा यो बुदा नभएको | साधारण सभा वर्षमा १ पटक अनिवार्य रुपमा बस्नेछ। | साधारण सभा बस्ने अवधि स्पष्ट किटान नभएकोले सो स्पष्ट पार्न। |

Acharya

**सहभागी**
केन्द्रीय कार्यालय
भरतपुर, चितवन

**विधान संशोधनको औचित्य र पुष्टचाई**

| परिच्छेद, दफा, उपदफा | साविक विधानमा भएको | संशोधन पश्चात हुनु पर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| परिच्छेद २ दफा ५ | नभएको | ५.१ संस्थाका कार्यहरुःउपरोक्त उद्देश्य परिपूर्ति गर्न संस्थाले निम्न अनुसारका कार्य गर्ने छ ।<br>क. शिप विकास तथा चेतना अभिवृद्धि गर्न तालीम, गोष्ठी तथा सेमिनार ।<br>ख. नितिगत अध्ययन अनुसंधान प्रकाशन तथा परामर्श ।<br>ग. आम नागरिक,महिला तथा विपन्न वर्गको उत्थानकालागि कार्य मूलक अनुसन्धान कार्यक्रमहरु र खाने पानी तथा सरसफाई, वन तथा वातावरण सुधार, बाल विकास, जन स्वास्थ्य, मूल्यांकन तथा परिचालन र मानव अधिकार ।<br>घ. समूदायिक संस्थाको क्षमता अभिवृद्धि ।<br>ड. संस्थागत प्रयोजनका लागि चलअचल सम्पति खरिद विक्रि गर्ने ।<br>च.आधारभूत आवश्यकता परिपूर्ती सम्वन्धि कार्य गर्ने । | संस्थाले गर्ने कार्यहरु स्पष्ट गर्नु परेकोले । |
| परिच्छेद ४ दफा १२ उपदफा (घ) | २ वर्ष | ३ वर्ष | कार्यकाल छोटो भएकोले कार्य समितिले बनाएका कतिपय योजना अधुरा रहन जाने रहेछन । |
| परिच्छेद ३ दफा ९ उपदफा क (७) | संघ | संस्था | गल्ती टाईप भएकोले । |
| परिच्छेद ३ दफा ८ उपदफा क | साधारण सदस्यको लागि सदस्यता शुल्क ५००।- रु पाँच सय लाग्ने छ। ।मासिक शुल्क रु ५०।- लाग्ने छ । प्रत्येक वर्ष रु ५०।- तिरी नविकरण गर्नु पर्ने छ । | साधारण सदस्यको लागि प्रथम पटक सदस्य वन्दा सदस्यता शुल्क रु ५००।- पाँच सय लाग्ने छ ।<br>वार्षिक सदस्यता नविकरण शुल्क रु २००।- लाग्नेछ । | अस्पष्ट भएकोले प्रष्ट पार्नु परेको । |

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
चितवन

फोन: ०५६-५२१९४४
०५६-५२०१९८
०५६-५२०१०५
०५६-५३३७३०
फ्याक्स ०५६-५२०७४७

पत्र संख्याः-०७८/०७९
चलानी नं.:- ४३३४

मितिः-२०७९।०२।१६

**विषयः- विधान संसोधन सम्बन्धमा ।**

**श्री सहभागी**
**रत्ननगर न.पा वडा नं. ९, ढिकुवा सहभागी मार्ग, चितवन ।**

प्रस्तुत विषयमा त्यस संस्थाको मिति २०७८/१२/२५ को साधारणसभाबाट भएको विधान संसोधन निर्णय तथा संस्थाको मिति २०७९/०२/०६ को निवेदन अनुसार विधान संसोधन गर्न अनुरोध भई आए बमोजिम यस कार्यालयको मिति २०७९/०२/१६ गतेको निर्णयानुसार प्रस्तावित बुँदाको विधान संसोधन स्वीकृत गरिएको छ। साथै वार्षिक रुपमा कार्य प्रतिवेदन यस कार्यालयमा पेश गर्नुहुन र स्वीकृत विधानको परिधि भित्र रही कामकाज गर्नुहुन अनुरोध छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

**बोधार्थः**
**श्री समाज कल्याण परिषद,पुल्चोक ललितपुर।**

सहभागी

केन्द्रीय कार्यालय ,रत्ननगर नगरपालिका वडा नं ९ चितवन

विधान संशोधनको औचित्य र पुष्ट्याई

| परिच्छेद ‌ा/उपदफा | साबिक विधानमा भएको | संसोधन पश्चात हुनुपर्ने | संसासोधन गर्नुपर्ने कारणहरु |
|---|---|---|---|
| ‌ेद १ , १ ङ | भरतपुर उपमहानगरपालीका | रत्ननगर नगरपालिका वडा नं-९, ढिकुवा सहभागी मार्गमा | संस्थाको आफ्नो स्थायी भवन भएको । |
| ‌ेद १ ३ | नभएको | लोगो : अनुसूची ३ मा उल्लेख गरेअनुसार हुनेछ । | लोगो उल्लेख गर्न आवश्यक भएकाले |
| ‌ेद ३ ७ ङ | श्री ५ को सरकार | नेपाल सरकार | गणतन्त्र स्थापना भैसकेको सन्दर्भमा |
| ‌ेद ३ ७ | नभएको | च) संस्थापक सदस्य:: संस्था दर्ताका बखत विधानमा दस्तखत गर्ने सदस्यहरु यस संस्थाका संस्थापक सदस्यहरु हुनेछन् । अनुसूची -४ | संस्थापकहरुको नाम उल्लेख गर्नु आवश्यक महसुस गरिएकोले |
| ‌ेद ३ ८ क ८ ग | सदस्यता शुल्क ....<br>नवीकरण शुल्क ....<br>आजीवन शुल्क | ५००।- (पांच सय मा )<br>५००।- (पांच सय मा )<br>१०००१।– (दसहजार एक) | स्पष्ट गर्नु पर्ने भएकोले |
| ‌ेद ३ ९ ‌ा ७ | नभएको | ७.१ संस्थालाई अहित हुने र संस्थाको नियमविपरित कार्य गरेमा मानार्थ र आजीवन सदस्यको समेत सदस्यता खारेज हुन सक्नेछ । | मानार्थ र आजीवन सदस्यलाई पनि केही नियन्त्रण गर्ने दफा आवश्यक देखिएको |
| ‌ेद ४ ‌ | संचालक समिति | कार्यसमिति ( विधानका विभिन्न दफा उपदफामा उल्लेख भएको संचालक समिति) | सामाजिक संस्थामा संचालक समिति भन्नुभन्दा कार्यसमिति भन्नु उपयुक्त देखिएको । |
| ‌ेद ४ १२ घ | ११ सदस्यीय | ९ सदस्यीय | कार्यसमिति संख्या ठूलो भएकाले |

| | | | |
|---|---|---|---|
| छेद ४<br>१४ | नभएको | ट) कार्य संचालन सहजता ल्याउन विभाग तथा उपसमिति गठन गर्ने । | कार्य थप स्पस्ट पार्नु आवश्यक देखिएको |
| च्छेद ५<br>१५<br>फा क | नभएको | ठ) गठित विभाग वा समितिको संयोजन तथा आवश्यकताअनुसार अधिकार प्रत्यायोजन गर्ने । | थप गर्न आवश्यक देखिएको |
| च्छेद ५<br>१५<br>फा क | कार्यकारी निर्देशक | ख , हटाउने | कार्यकारी निर्देशक छुट्टै व्यवस्था गर्न आवश्यक भएको । |
| च्छेद ७<br>२४<br>फा क | क) संस्थाको आन्तरिक कार्य सञ्चालन तथा व्यवस्थाका लागि व्धिानसंग नबाझिने गरी संचालकसमितिले नियम, बनाउन सक्नेछ । | क) संस्थाको आन्तरिक कार्य सञ्चालन तथा व्यवस्थाका लागि विधानसँग नबाझिने गरी कार्यसमितिले नियम, निर्देशिका, आचारसंहिता बनाउन सक्नेछ । नियमहरु बनाउनुपर्ने भएमा कार्यसमितिले विधानको परिधिभित्र रही नियम बनाउन सक्नेछ । सो नियम साधारणसभाबाट पारित गराई लागुहुनेछ । स्थानीय अधिकारीलाई जानकारी दिनुपर्नेछ । | थप स्पस्ट गर्नु पर्ने देखिएकोले |